"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# इलाम

१ नं. प्रदेश, नेपाल

प.सं. :रा.शा.२०७९/०८०
च.नः १६९९

मिति २०७९।९।०६

**विषय : सूचना प्रसारण सम्बन्धमा ।**

श्री इलाम एफ एम
श्री नेपाल वाणी एफ एम
इलाम ।

यस कार्यालयको निम्नानुसारको सूचना दिनको ३ पटक ७ दिन सम्म प्रसारण गरी ७ भित्रमा बिल र आदेशपत्र समेत पठाई भुक्तानी लिन हुन अनुरोध छ ।

**बोधार्थ :–**
श्री आर्थिक प्रशासन शाखा, नगर कार्यपालिकाको कार्यालय,
इलाम : सूचना प्रसारण ।
श्री सबै वडा कार्यालय (सूचना बोर्डमा सूचना टाँस गर्ने र प्रचार समेत गरि व्यवसाय दर्ता सम्वन्धमा जानकारी गर्ने गराउने)
श्री सूचना शाखा, नगर कार्यपालिकाको कार्यालय, इलाम ।

## इलाम नगरपालिका, नगर कार्यापालिकाको कार्यालय इलामको
## मिति २०७९।९।०६ को सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस नगरपालिकाको व्यवसाय कर व्यवस्थापन कार्यविधि,२०७६ को दफा ३ को उपदफा (२) बमोजिम हाल सम्म नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार , पेशा व्यवसाय वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात संलग्न राखी नगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचना को म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यवसायलाई नगरपालिकाको व्यवसाय कर व्यवस्थापन कार्याविधि ,२०७६ को दफा १६ बमोजिम व्यवसाय कर असुल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारवाही समेत चलाउन सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ ।

गणेश कुमार खड्का
(प्रमुख प्रशासकीय अधिकृत)

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत